# नेपाल विद्युत प्राधिकरण
# Nepal Electricity Authority

# ३५औं वार्षिकोत्सवको अवसरमा प्रतिबद्धता

विद्युत् उत्पादन, प्रसारण र वितरण गर्दै आएको नेपाल विद्युत प्राधिकरणले ३५औं वर्ष पूरा गरेको छ। मुलुकले व्यहोरिरहेको दैनिक १४ घण्टासम्मको लोडसेडिङ अन्त्य मात्रै भएको छैन, आर्थिक वर्ष (आव) २०७२/७३ मा रु. ८ अर्ब ८९ करोड खुद घाटा बेहोरेको प्राधिकरणले त्यसयता लगातार नाफा गर्दै आएको छ। आव २०७६/७७ मा करिब रु. ११ अर्ब खुद नाफा कमाएर सबैभन्दा बढी नाफा कमाउने सार्वजनिक संस्थान बनेर गौरवपूर्ण इतिहास बनाउन पनि सफल भएको छ।

## वित्तीय अवस्था (रू. १० लाखमा)

आर्थिक वर्ष २०७२/७३ मा रु. ३४ अर्ब ६१ करोड सञ्चित घाटामा रहेको प्राधिकरण आव २०७६/७७ मा करिब रु. ५ अर्ब सञ्चित नाफा कमाउन सफल।




## उपलब्ध विद्युत् तथा आयात

देश जति वेला १४ घण्टासम्म लोडसेडिङमा थियो, मुलुकभित्रको कुल विद्युत् खपतको करिब ३५ प्रतिशत विद्युत् भारतबाट आयात गर्नुपर्ने अवस्थामा थियो। तर, विद्युत् खपत करिब ८० प्रतिशतले बढेको अवस्थामा पनि आयातको प्रतिशत ३७ प्रतिशत हाराहारीमा थियो। गत वर्ष आयात २२ प्रतिशतमा सीमित भएको छ। आगामी वर्ष ५ देखि १० प्रतिशतमा सीमित हुनेछ।




## विद्युत् निर्यात (गिगावाट आवरमा)

प्राधिकरणले आर्थिक वर्ष २०७२/७३ मा ३१ लाख ५० हजार युनिट निर्यात गरेकोमा आव २०७६/७७ मा १० करोड ७० लाख युनिट विद्युत् निर्यात गरेको छ। केही वर्षभित्रमै विद्युत्मा आत्मनिर्भर भई नेट निर्यात सुरु गरिनेछ।




## विद्युत् उत्पादन (मेगावाटमा)

आर्थिक २०७२/७३ सम्म नेपालमा कुल ८०१.७ मेगावाट जलविद्युत् उत्पादन भइरहेकोमा यस अवधिमा जलविद्युत् उत्पादन ५७ प्रतिशतले वृद्धि भई कुल १२५८.७ मेगावाट पुगेको छ।




## विद्युत् चुहावट (प्रतिशतमा)

आर्थिक वर्ष २०७२/७३ मा प्रणालीमा रहेको २५.७८ प्रतिशत विद्युत् चुहावटलाई घटाएर आव २०७६/७७ मा १५.२७ प्रतिशतमा सीमित गर्न सफल।




## विद्युत् खपत वृद्धि

आर्थिक वर्ष २०७२/७३ मा ग्राहक संख्या २९ लाख ६९ हजार ५ सय ७५ रहेकोमा आव २०७६/७७ मा कुल ग्राहक संख्या ४२ लाख पुगेको छ। ग्रीडको विद्युत् पहुँच पुगेको जनताको संख्या चार वर्षअघि करिब ६३ प्रतिशत थियो भने अहिले करिब ८६ प्रतिशत पुगेको छ। विद्युत्को पहुँचमा चार वर्षभित्र करिब २३ प्रतिशतले वृद्धि भएको छ। आव २०७२/७३ मा प्रतिव्यक्ति वार्षिक विद्युत् खपत १३१ युनिट रहेकोमा त्यसयता विद्युत् खपत निरन्तर बढेर आव २०७६/७७ मा २६० युनिट पुगेको छ।




## प्रसारण लाइन

आर्थिक वर्ष २०७२/७३ सम्ममा ६६ केभी र सोभन्दा माथिका प्रसारण लाइन लम्बाइ २ हजार ९ सय ११ सर्किट किलोमिटर रहेकोमा आव २०७६/७७ सम्ममा करिब ४ हजार २ सय ७५ सर्किट किलोमिटर पुगेको छ। यो करिब ४७ प्रतिशतले बढी हो। ग्रीड सबस्टेसनहरूको क्षमता करिब २ हजार २ सय २३ एमभिए थियो, अहिले यो क्षमता ४ हजार १ सय ६१ एमभिए रहेको छ।

## अन्तरदेशीय प्रसारण

आर्थिक वर्ष २०७२/७३ सम्ममा नेपाल-भारतबीच करिब ३५० मेगावाट विद्युत् प्रवाह हुन सक्ने अन्तरदेशीय प्रसारण संरचना रहेकोमा अहिले प्रसारण क्षमता वृद्धि भई १५०० मेगावाट पुगेको छ। बुटवल-गोरखपुर, मैनहिया-सम्पत्तिया, इनरुवा-पूर्णिया, लम्की-बरेली, कोहलपुर-उत्तरप्रदेश निर्माणको विभिन्न चरणमा छन्। नेपाल र चीनबीच पनि रातोमाटे- रसुवागढी-केरुङ ४०० केभी प्रसारण लाइन निर्माणको लागि प्राधिकरण र स्टेट ग्रीड चाइनाबीच समझदारी पत्रमा हस्ताक्षर भई नेपालतिरको लाइनको सम्भाव्यता अध्ययन पुरा भएको छ।

## वितरण

आर्थिक वर्ष २०७२/७३ मा करिब २६ हजार वितरण ट्रान्सफर्मर प्रणालीमा जडान भएका थिए जसको कुल क्षमता करिब २ हजार ६०० एमभिए थियो। अहिले वितरण ट्रान्सफर्मरहरू करिब साढे ३५ हजार पुगेका छन् भने जडित क्षमता करिब ३ हजार ५ सय एमभिए छ। काठमाडौंलगायतका सहरी क्षेत्रका वितरण लाइनहरू बढ्दो विद्युत् माग व्यवस्थापन, आपूर्तिमा विश्वसनीयता तथा गुणस्तर कायम गर्न काठमाडौं उपत्यकामा विद्युतीय तारलाई भूमिगत बिछ्याउन सुरु गरिएको छ। औद्योगिक तथा व्यापारिक ग्राहकका लागि स्मार्ट थ्री फेज मिटर जडान भइसकेको छ भने घरायसी ग्राहकका लागि स्मार्ट मिटर जडान सुरु गरिएको छ।

## संस्थागत सुशासन

सूचना प्रविधि मार्गचित्रलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याई 'डिजिटल एनइए' अवधारणाअनुरूप प्राधिकरणका हरेक क्रियाकलापलाई डिजिटल प्रविधिमा रुपान्तरण गरिनेछ।

प्राधिकरण समय र परिस्थितिको माग अनुसार संगठन संरचनालाई पुनर्संरचना गर्दै आफ्नो व्यवसायलाई अझ प्रभावकारी र सेवामूलक बनाउन कटिबद्ध छ। आगामी दिनमा विद्युत्को आन्तरिक, अन्तरदेशीय र उपक्षेत्रीय बजार विस्तार गर्दै देशभित्र उत्पादित विद्युत् खेर नजाने गरी बिक्री गर्ने व्यवस्था मिलाइनेछ। प्राधिकरणले दिने सेवामा प्रभावकारिता ल्याउन, प्रणालीलाई स्वचालित रूपमा सञ्चालन गरी भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति दिन तथा प्रविधिको प्रयोग गरी जनशक्तिको बढ्दो आवश्यकतालाई कम गर्दै लैजान प्रणालीलाई अटोमेसन र संस्थालाई डिजिटाइजेसन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

सरकारको निर्देशन र उपभोक्ताको हित प्राधिकरणका लागि सर्वोपरि हो। प्राधिकरणले अहिलेसम्म प्राप्त गरेका उपलब्धी सुरुवात मात्र हो। यसको जगमा टेकेर अघि बढ्ने र समृद्धिका लागि सरकारले लिएको नीतिमा भरपर्दो माध्यम बन्ने प्राधिकरणको प्रण छ।

प्राधिकरणले आगामी वर्षहरूमा पनि खर्च कटौती गर्ने- आम्दानी बढाउने, चुहावट घटाउने- खपत बढाउने, उत्पादन बढाउने- महसुल घटाउने, आयात घटाउने- निर्यात बढाउने योजना बनाएको छ। संस्थाभित्रको आर्थिक पारदर्शिता, जवाफदेहिता र सुशासनलाई कठोरताका साथ लागु गरिनेछ।

कठिन परिस्थितिमा समेत प्राधिकरणका हरेक गतिविधिमा निरन्तर रूपमा सहयोग एवं समर्थन गरी हामीलाई हौसला र प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण ग्राहक एवम् विभिन्न व्यावसायिक संस्थाहरूप्रति आभार प्रकट गर्दछौं। नियमित, भरपर्दो, गुणस्तरीय विद्युत् सेवा उपलब्ध गराउन अहोरात्र खट्ने प्रतिबद्धतासहित उज्यालो नेपालको संवाहकको रूपमा निरन्तर खटिरहने प्रतिबद्धता जनाउँदछौं।

नोट : आव ०७६/७७ का सम्पूर्ण तथ्यांक लेखापरीक्षणपूर्वका हुन्।